म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक ८१ शुक्रबार ३ कार्तिक २०८० नै. सं. ११४३ कौलाथ्व 20 October 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

पहिलो पटक 'बकैया रन' प्रतियोगिता गरिँदै

हेटौंडा, २ कार्तिक/मकवानपुरको बकैया गाउँपालिकामा पहिलो पटक दौड प्रतियोगिता 'बकैया रन' हुने भएको छ । नेपालीहरुको महान पर्व बडादसैंको अवसरमा बकैया एथलेटिक्स संघले बकैया खेलकुद विकास समितिको समन्वयमा यही कात्तिक ३ गतेबाट 'बकैया रन' प्रतियोगिताको आयोजना गर्न लागेको हो ।

बकैया-३ को हात्तीसुँडेमा हुन लागेको गाउँपालिका तरीय ५ किमि दौड प्रतियोगितामा गाउँपालिका भित्रका खेलाडीले मात्र सहभागी हुन पाउने आयोजकले जनाएको छ । प्रतियोगिताको बिजेताले ५ हजार रुपैयाँ, उपबिजेताले ३ हजार रुपैयाँ नगदसहित मेडल तथा प्रमाणपत्र प्राप्त प्राप्त गर्नेछन् । यसैगरी, तेस्रो र सान्त्वना हुने खेलाडीले क्रमशः २ हजार र १ हजार रुपैयाँ नगदसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

बागमतीमा जम्कट्टेल सरकार ढाल्न कांग्रेस सांसदहरु सक्रिय

साझाकुरा संवाददाता

हेटौंडा, २ कार्तिक/बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई हटाउन कांग्रेसका प्रदेश सांसदहरु लागि परेको खुलासा भएको छ ।

कोशी प्रदेशमा कांग्रेसकै ८ जना प्रदेश सांसदहरुले विद्रोह गरी एमालेको साथमा सरकार बनाए जसरी नै बागमतीमा पनि जम्कट्टेल नेतृत्वसको सरकार परिवर्तनको कसरत भइरहेको खुलेको हो । यस घटनाले बागमतीमा नेकपा माओवादी केन्द्रका नेता जम्कट्टेलको कार्यशैलीलाई लिएर गठबन्धनको प्रमुख घटक नेपाली कांग्रेसकै सांसदहरु असन्तुष्ट रहेको देखिएको छ ।

लामो समयसम्म सरकार विस्तार नगर्नु, कांग्रेस बागमती प्रदेश संसदीय दलका उपनेतासमेत रहेका रामकृष्ण चित्रकारलाई झण्डै दुई महिनासम्म मन्त्री नबनाएर थन्काउनु, बजेट निर्माणमा एकलौटी गरेको लगायतका गतिविधिले गठबन्धनकै कांग्रेस सांसदहरु मुख्यमन्त्री जम्कट्टेलसँग सन्तुष्ट नरहेको बुझिएको छ ।

कोशी प्रदेशमा एउटा राजनीतिक घटना विकसित भएपछि त्यसको असर बागमतीमा पनि पर्न सक्ने आंकलन गरिएको थियो । बागमती प्रदेशका चारजना कांग्रेसका सांसदहरुले जम्कट्टेल नेतृत्वको प्रदेश सरकार ढाल्न कांग्रेसका महामन्त्री गगनकुमार थापालाई भेट गरेको खुलेको हो । जम्कट्टेल सरकार ढाल्न कांग्रेसका सांसदहरुले आफूसँग सल्लाह गरेको महामन्त्री थापाले नै जानकारी दिएका छन् । बागमती प्रदेश सरकार ढाल्ने विषयमा बिहीवार बिहान माघै पार्टीका चार

जना प्रदेश सांसद आफूकहाँ आएको महामन्त्री गगन थापाले बताए ।

'आज (बिहीवार) बिहान बागमती प्रदेशका चार सांसद आउनुभएको थियो । उहाँहरु बागमती प्रदेशमा हाम्रो ३८ सांसद छन् । हामी सबैभन्दा ठूलो पार्टी हो हामी माओवादीलाई मान्दैनौं । हाम्रो (शेखर पक्ष) केही दिनभित्र १२/१३ जना पुगेका छन् । सरकार बदल्दिऔं भन्दै हुनुहुन्थ्यो ।', प्रेस युनियन काठमाडौंको दसैं शुभकामना कार्यक्रमलाई सम्बोधन गर्दै थापाले भने । सांसदहरुको आग्रहपछि सर कारको विषय आफूलाई थाहा नभएको भन्दै पार्टी सभापति र वरिष्ठ नेताहँरु सल्लाह गर्न सुझाएको थापाको भनाई छ ।

'मैले यस्तो कुरा चाहिँ पार्टी सभापति र वरिष्ठ नेतालाई गएर सोध्नुहोला मलाई कम ज्ञान छ भनेको छु । तर, यो सबैतिर आउँछ । कसरी जाने के गर्ने भन्ने टुंगो नभएपछि आउँछ ।', थापाले भनेका हुन् । थापाको भनाईले पनि कांग्रेस माओवादी नेतृत्वको सरकारसँग सन्तुष्ट नरहेको बुझिन्छ । बागमती प्रदेशमा हाल २१ सिट र हेको माओवादी केन्द्र नेतृत्वको गठबन्धन सरकार छ । जसको नेतृत्व धाविडबाट चुनाव जितेका जम्कट्टेल मुख्यमन्त्री छन् । बागमती प्रदेशको ६ वर्षे राजनीतिक घटनाक्रममा जम्कट्टेल यस्ता नेता हुन्, जो सत्ता बाहिर रहेनन् ।

२०७४ सालमा प्रदेश गठन भएपछि आन्तरिक मामिला तथा कानुन मन्त्री बनेका जम्कट्टेल डोरमणि पौडेल सरकार ढलेपछि अष्टलक्ष्मी शाक्य मुख्यमन्त्री हुँदा ७० दिन मात्रै सत्ता बाहिर रहे । शाक्यपछि मुख्यमन्त्री बनेका राजेन्द्रप्रसाद पाण्डेको कार्यकालमा उनी आर्थिक मामिला तथा योजना मन्त्री भए । त्यस लगतै निर्वाचन जितेर प्रदेशमै दोहोरिएका जम्कट्टेल प्रदेशको तेस्रो ठूलो पार्टी भए पनि भागबण्डाको आधारमा मुख्यमन्त्री बने ।

माओवादी नेतृत्वको गठबन्धन सरकारमा ३७ सिट रहेको नेपाली कांग्रेस र ७ सिट रहेको एकीकृत समाजवादी छन् । बागमती मा सरकार गठनको बेलादेखि नै गठबन्धनभित्र जम्कट्टेललाई काम गर्न भने सहज भएन । कांग्रेसभित्रको विवादले उनलाई सरकार विस्तारमै कठिनाई भएको थियो । कांग्रेसमा मन्त्रीहरुका आकांक्षी धेरै भएकाले पनि अझै असन्तुष्ट कायम छ । परिस्थिति कोशीकै अवस्थामा पुगे बागमतीमा पनि रातारात सरकार परिवर्तन हुनसक्ने कुरालाई नजरअन्दाज गर्न नमिल्ने एमालेका एक सांसद बताउँछन् । 'संसदीय राजनीतिका यस्ता घटना भइरहन्छन् । अवस्था मिले नयाँ सरकार बन्ने कुरालाई अनौठो मान्नु पर्दैन ।', एमालेका सांसदले भने ।

जम्कट्टेल २५ पुसमा मुख्यमन्त्री नियुक्त भएका थिए । उनी मुख्यमन्त्री हुँदा माओवादीसँग एमालेको गठबन्धन थियो । तर, केन्द्रमा गठबन्धन फेरबदल भएसँगै माओवादीले पुनः कांग्रेस र नेकपा (एकीकृत समाजवादी)सँगै मिलेर सर कार बनाएको हो । बागमती सर कारमा मुख्यमन्त्रीसहित माओवादी केन्द्रबाट ४ जना मन्त्री छन् । कांग्रेसको ६ जना र नेकपा (एकीकृत समाजवादी)का २ जना गरी १२ सदस्यीय मन्त्रिपरिषद् छ । कांग्रेसभित्र भागबण्डा मिलाउन जम्कट्टेलले ११ बाट १ वटा मन्त्रालय संख्या बढाएका थिए ।

लामा कार्यवाहक मुख्यमन्त्री

बागमती प्रदेशप्रमुख यादबचन्द्र शर्माले कात्तिक ४ गते शनिबारदेखि लागू हुनेगरी प्रदेशको कार्यवाहक मुख्यमन्त्रीमा बहादुरसिंह लामालाई नियुक्त गरेका छन् । बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेल केही समयका लागि विदेश जाने कार्यक्रम रहेकोले जम्कट्टेलको उपस्थिति नभएसम्मका लागि लामालाई मुख्यमन्त्रीको जिम्मेवारी दिइएको हो ।

मुख्यमन्त्री जम्कट्टेल व्यक्तिगत कामको सिलसिलामा विदेश जाने कार्यक्रम रहेकोले जम्कट्टेलको सिफारिसमा आर्थिक मामिला तथा योजना मन्त्री लामालाई कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी दिइएको प्रदेशप्रमुख कार्यालयका प्रवक्ता गोबिन्दप्रसाद पौडेलले जानकारी दिएका छन् । प्रदेशप्रमुखको कार्यालयले बिहीबार बिज्ञप्ती जारी गर्दै मुख्यमन्त्री जम्कट्टेल को अनुपस्थितिमा लामालाई मुख्यमन्त्रीको कार्यभार दिइएको जनाएको छ ।

जेसीज कप फुटबलको उपाधि प्रदेश प्रहरीले जित्यो

साझाकुरा संवाददाता

हेटौंडा, २ कार्तिक/जेसीआई चैनपुर प्रस्तावितको आयोजनामा मनहरीको लामिटारमा भएको फुटबल प्रतियोगिताको उपाधि बागमती प्रदेश प्रहरी गणले जितेको छ । बुधबार भएको फाइनल खेलमा केदारेश्वर युवा क्लब रजैयालाई १-० गोलले हराउँदै प्रहरीले उपाधि जितेको हो ।

प्रहरीका लागि देवबहादुर सुनारले गरेको गोल नै खेलमा निर्णायक बन्यो । उनले दोश्रो हाफको अन्तिम १० मिनेट बाँकी रहँदा गोल गरेका हुन् । बिजेता प्रहरीले नगद ५० हजार ५५५ रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ भने केदारेश्वरले २५ हजार ५२५ रुपैयाँमै चित्त बुझाउन बाध्य भएको छ । रजैयाले सिमपानी र प्रहरीले सयपत्री एफसी सुनाचुरीलाई हराउँदै फाइनलमा स्थान बनाएको थियो । खेलमा प्रहरीका सुकबहादुर सार्की उत्कृष्ट गोलरक्षक, केदारेश्वरका उत्तम मोक्तान उत्कृष्ट डिफेन्डर, प्रहरीकै विशाल थिङ उत्कृष्ट मिडफिल्डर, एफसी सिमपानीका राहुल थापामगर उत्कृष्ट फरवार्ड र प्रहरीका राजेन्द्र गुरुङ उत्कृष्ट प्रशिक्षक घोषित भए ।

बिजेता, उपबिजेता तथा उत्कृष्ट खेलाडीलाई कार्यक्रमका प्रमुखअतिथि मनहरी गाउँपालिकाका कार्यवाहक अध्यक्ष शिवप्रसाद खनाल, चैनपुर जेसीज प्रस्तावितका अध्यक्ष गणेशदर्पण अधिकारी, मातृशाखा पर्सा खैरहनी जेसीजका अध्यक्ष सुरज नेपाललगायतले पुरस्कार वितरण गरेका हुन् । असोज २३ गतेबाट संचालन भएको प्रतियोगितामा मकवानपुरका १६ वटा क्लबको सहभागिता रहेको थियो ।

कार्यक्रमका प्रमुखअतिथि खनालले प्रस्तावित शाखाले मकवानपुरको पश्चिमी क्षेत्रमा विभिन्न सामाजिक कार्य गरिरहेकोमा खुसी व्यक्त गर्दै आगामी दिनमा पनि यस्तै कार्यक्रमलाई निरन्तरता दिन अनुरोध गरे ।

दसैं, तिहार, छठ लगायतको पर्वको शुभकामनासँगै फुटबल खेलको विकास र खेलाडीको बीचमा भातृत्वको सम्बन्ध स्थापनाको लागि फुटबल प्रतियोगिता आयोजना गरिएको जेसीजका अध्यक्ष अधिकारीले जानकारी दिए ।

कार्यक्रम संयोजक प्रमोद अधिकारीको संयोजकत्वमा भएको कार्यक्रममा नेपाल जेसीजका कार्यकारिणी उपाध्यक्ष रश्मी बस्नेत, पर्सा खैरहनी जेसीजका अध्यक्ष सुरज नेपाल, रत्ननगर जेसीजका अध्यक्ष अमितकुमार गुप्ता, मनहरी गाउँपालिका-४ का वडाअध्यक्ष प्रकाश थापा, राष्ट्रिय स्वतन्त्र पाटी मनहरी सभापति गोविन्द सापकोटा, उपाध्यक्ष मिलन ढुंगाना लगायतले मन्तव्य व्यक्त गरेका थिए ।

चौथो थाहा महोत्सवको स्टल बुकिङ खुल्यो

साझाकुरा संवाददाता

हेटौंडा, २ कार्तिक/मकवानपुरको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिकामा आगामी १४ मंसिर देखि २५ मंसिरसम्म सञ्चालन हुने चौथो थाहा महोत्सवका लागि स्टल बुकिङ खुलेको छ ।

थाहानगर उद्योग वाणिज्य संघमा आवद्ध भएकालाई ३० प्रतिशत छुट हुनेगरी स्टल बुकिङ खुला गरिएको हो । करिव २०० स्टल रहने अनुमान गरिएको महोत्सवमा स्टल बुकिङ गर्दा ५० प्रतिशत रकम अग्रिम भुक्तान गर्नुपर्ने थाहानगर उद्योग वाणिज्य संघले जनाएको छ । संघद्वारा जारी सूचना अनुसार पशुपालन, डेरी, कृषि सामग्री तथा औजार, घरेलु हस्तकला, हर्वल तथा जडिबुटीका लागि १४ हजार शुल्क तोकिएको छ ।

त्यसैगरी कस्मेटिक, घडी, चश्मा, ब्लाइकेट, ब्याग, पर्स, बेल्ट, ट्याटु, मोबाइल कभर, जुत्ता, चप्पल, बैंक, वित्तीय संस्था, गैरसरकारी संस्था, भाँडा, फेन्सी तथा रेडिमेड सामानहरुका लागि २५ हजार शुल्क तोकिएको संघका अध्यक्ष पुरुषोत्तम ढकालले जानकारी दिए । बहुराष्ट्रिय उद्योग र होटल तथा रेष्टुरेन्टका लागि ५० हजार शुल्क तोकिएको छ । स्टलमा प्रदर्शकले स्टलको अतिरिक्त २ थान कुर्सी, १ थान टेबल तथा विद्युतीय सुविधा पाउने आयोजकले जनाएको छ ।

महोत्सवको मुख्य आयोजक थाहानगर उद्योग वाणिज्य संघ र आयोजक थाहा नगरपालिका रहेको छ । गत असोज ३० गते जिल्ला प्रशासन कार्यालय मकवानपुरले थाहानगर उवासंघलाई आगामी मंसिर १४ देखि २५ सम्म थाहा महोत्सव गर्न अनुमति दिएको थियो । मंसिर भन्दा पछाडि मेला महोत्सव गर्न थाहा नगरमा चिसो बढी हुने भएकोले दसैंतिहार सकिएलगत्तै आयोजना गरिएको थाहा नगर उवासंघका बरिष्ठ उपाध्यक्ष शम्भुसिंह कार्कीले बताए ।

राक्सिराङका चेपाङ परिवारलाई सोलार, दसैंमा घरै उज्यालो

साझाकुरा संवाददाता

हेटौंडा, २ कार्तिक/मकवानपुरको राक्सिराङ-७ का ५६ वर्षीया सेतीमाया प्रजाको मुहारमा यतिबेला खुसी छाएको छ । दशकौंदेखि टुकीबत्तिको साथमा जीवन बिताइरहेका प्रजा परिवार मा सोलार जडानले खुसी थपेको हो । टुकी बालेर पढ्ने, लेख्ने, घर, भान्छातयार गर्ने गरेको बताउँदै सेतीमायाले भनिन् 'अब घरमा झिलिमिलि बत्ति बल्नेभयो ।'

डोको लिएर सोलार लिन पुगेका धिराङ निवासी सूर्यबहादुर प्रजा घर मा सोलार जोडिने भएपछि ज्यादै खुसी देखिएका छन् । चाडपर्वको मुखमै घर उज्यालो हुने भएकाले आफू मात्र नभई परिवार सबैमा खुसी छाएको उनले बताए ।

गाउँपालिकाले चालु आर्थिक वर्षमा विनियोजन गरेको चार लाख रुपैयाँबाट सोलार खरिद गरेर बुधबार एक कार्यक्रमको आयोजना गरी हस्तान्तरण गरिएको हो । ७ नम्बर वडाको धिराङ, तामराङ, आइवेनी क्षेत्रका २७ चेपाङ घरपरिवारलाई एक/एक सोलार सेट वितरण गरिएको गाउँपालिका अध्यक्ष राजकुमार मल्लले बताए । चेपाङ समुदायको बाहुल्यता रहेको राक्सिराङको वडा ७ र ९ मा अझै विजुली बत्ति पुगेको छैन ।

चितवनको राप्ती नगरपालिकासँग जोडिएको धिराङ र लामराङ विकट क्षेत्र मानिन्छ । ज्यादै जरुरी देखिएकाले गाउँपालिकाले सोलार वितरण गरेको अध्यक्ष मल्लले जानकारी दिए ।

उपभोक्ताको दुई हजार र पालिकाको १४ हजार गरी १६ हजार मूल्य लागतमा सोलार सेट प्रदान गरिएको गाउँपालिका अध्यक्ष मल्लले बताए । पाँच वटा बत्ति, मोवाइल चार्जिङ, र रेडियो बज्न सक्ने क्षमताको सोलार सेट प्रदान गरिएको मल्लले जानकारी दिए । 'हामीले सोलार उपभोक्ताको घरमै फिटिङ समेत गरिदिने छौं,'-मल्लले भने । यो क्षेत्र विकट रहेकाले विजुली विस्तार नभएको अवस्था छ, हामीले ठेक्का लगाइसकेका छौं चैतभित्रमा विजुली विस्तार हुनेछ: प्रमुख प्रशासकीय अधिकृत देवचन्द्र गतौंलाले जानकारी दिए ।

अन्य वडामा विजुली विस्तार भए पनि वडा ७ र ९ मा अझै विजुली पुऱ्याउन नसकेको अधिकृत गतौंलाले बताए । गाउँपालिकाको स्वास्थ्य र शिक्षामा सुधार होस् भनी सोलारको उज्यालोमा बालबालिका पढ्न सहज हुने उनले बताए । सोलार जडानले गाउँ नै झिलिमिली हुने वडाअध्यक्ष रामबहादुर प्रजाले बताए । 'वडाबासी मट्टितेलको टुकी बालेर जीवन बिताइरहेका थिए, सोलारले उनीहरुमा खुसी छाएको छ,' वडाध्यक्ष प्रजाले भने ।

टुकीबत्ति बालेर पढ्दा बालबालिकाको स्वास्थ्यमा समस्या आउनुका साथै खर्चपनि बृद्धि हुने गर्दथ्यो अब भने सोलारबाट उज्यालोमा पढ्न र घरायसी काम गर्न सहजता रहने वडाध्यक्ष प्रजाले बताए । सोलार वितरण कार्यक्रममा गाउँपालिका अध्यक्ष मल्ल, वडाध्यक्ष रामबहादुर प्रजा, प्रमुख प्रशासकीय अधिकृत गतौंला, योजना शाखाअधिकृत चुननारायण श्रेष्ठलगायतको सहभागिता रहेको थियो ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

मकवानपुरबाट खसीबोका निर्यात

मकवानपुर जिल्लाबाट यसवर्ष २ करोड रुपैयाँभन्दा बढीको खसीबोका निर्यात गरिएको छ । खाद्य व्यवस्था तथा व्यापार कम्पनी वीरगंजले मकवानपुरबाट २ करोड भन्दा बढीको खसीबोका काठमाडौं पठाएका हो । यसवर्ष मकवानपुरबाट ९ सय खसीबोका काठमाडौं पठाइएको छ । खसीबोका खरिदका लागि खाद्य व्यवस्था तथा व्यापार कम्पनी वीरगंजको टोली तीन दिन अघि मकवानपुर आएको थियो । मकवानपुरको स्थानीय तहमा गएर कम्पनीले खसीबोका खरीद गरेको हो । बकैया, बागमती, हेटौंडा-८ स्थित कम्पनीको साविकको कार्यालय र हेटौंडा-१ चौकीटोल, झोलुङे पुलबाट खसीबोका गरिद गरिएको हो । विगतको वर्षहरुमा जस्तै कृषकसँग सीधै सम्पर्क गरेर खाद्यले खसीबोका खरीद गरेको थियो । कम्पनीले बागमती र बकैया गाउँपालिकाबाट मात्रै एक करोड ३० लाख मूल्य बराबरको खसीबोका खरीद गरेको छ । पालिका र बाखापालक व्यावसायी संघ मकवानपुरको समन्वयमा कृषकसँग खसीबोका खरीद गरिएको हो । किसानले उत्पादन गरेको खसीबोका सीधै उपभोक्तासम्म पुगनका लागि कम्पनीले मध्यस्तताको काम गरेको नेपाल व्यावसायिक बाखापालक महासंघ मकवानपुरले जनाएको छ । २० देखि २५ किलोग्रामसम्मको खसीलाई प्रतिकेजि ५ सय ८५ रुपैयाँ र २५ किलोग्राम भन्दा बढीलाई प्रतिकेजि ६ सय ५ रुपैयाँका दरले कम्पनीले खरीद गरेको छ ।

विगतका वर्षमा नामटारमा रहेको बाखा फर्मबाट कम्पनीले खसीबोका खरीद गर्ने गरेको थियो । स्थानीय प्रशासनले मूल्य निर्धारणमा समन्वय गर्ने गरेको छ । मकवानपुरका ग्रामीण क्षेत्रका बस्तीहरु बाखापालनका लागि अत्यन्तै उपयोगी मानिन्छ । बाखाका लागि उपयुक्त एवम् बैज्ञानिक रुपमा गरिएको बाखापालन सफल पनि भएका छन् । केही टाठाबाठाले भने सरकारी अनुदान लिनका लागि नक्कली बाखाफर्म खडा गर्ने, छिमेकीको बाखा केही समय राखेर अनुदान लिने र फर्म बन्द गर्ने गरेका पनि उदाहरण छन् । साँच्चै मन लगाएर काम गर्ने किसानले बाखापालनबाट राम्रै आम्दानी पनि गरेका छन् । ३० वटा बोका एक वर्ष पालेर बिक्री गर्ने किसानले एक वर्षको अवधिमा ४ लाख रुपैयाँसम्म आम्दानी गरेका उदाहरण छन् । खसीबोका पालन गर्दा बिक्री गर्न दसैं नै आउनु पर्छ भन्ने छैन । हेटौंडा बजारमा दैनिक खपत हुने खसीबोका नेपालको उत्पादनले नपुगेर भारतीय बजारबाट आयात भइरहेको छ । प्रायः व्यावसायिक फर्महरुले दसैं लक्षित उत्पादन गरेका छन् । तिनै फर्मबाट दसैंमा काठमाडौं निर्यात भइरहेको हो । मकवानपुर खसीबोका उपभोगको दृष्टिककोणले आत्मनिर्भर भएर निर्यात भएको भने होइन । दसैंको सिजन लक्षित उत्पादन भएर मात्र निर्यात भएको हो । बाखापालनमा ठूलो सम्भावना रहेपनि यहाँका युवा खाडीमा भेडा चराउन जाने गरेका छन् । हेटौंडामा सरदर दैनिक ५० वटा खसी बिक्री भइरहेको छ । यो हिसावले मासिक १५ सय खसी हेटौंडा बजार ले उपभोग गर्छ ।

वार्षिक सालाखाला १८ हजार खसीबोका मकवानपुरमा खपत हुन्छ । यो अनुपातमा उत्पादन भएको भने छैन । मकवानपुरबाट यस वर्षको दसैंका लागि १ हजार खसी बोका काठमाडौं निर्यात गरिने भएको छ । साविकको खाद्य संस्थान तथा हालको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले २०७८ को दसैंका लागि १ हजार खसी बोका काठमाडौं निर्यात गरेको थियो । दसैंमा खपत हुने मासुको लागि मकवानपुरका विभिन्न कृषि सहकारी संस्थासँगको समन्वयमा कम्पनीले खसी बोका काठमाडौं निर्यातको व्यवस्थापन गरेको छ । कम्पनीले हेटौंडाको औद्योगिक क्षेत्रस्थित तत्कालीन खाद्य संस्थानको कार्यालयबाट खसी बोका खरिद, संकलन र ढुवानीको व्यवस्थापन मिलाएको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले जानकारी दिएको छ । काठमाडौंका बासिन्दालाई कम्पनीले हरेक वर्षको दसैंमा खसीबोका बिक्री गर्ने लक्ष्यसहित बिभिन्न जिल्लाबाट खसी बोका संकलनका लागि मूल्य निर्धारण गरेको हुन्छ । हरेक जिल्लाका प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको स्थानीय प्राथमिक खरिद समितिको बैठकले खसी बोकाको मूल्य निर्धारण गर्ने गरेको छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरु

मकवानपुर प्रहरी

प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५१९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५१९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा

नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बजबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२६५८७, ९८४५१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०८० कार्तिक ४ गते शनिबार २१ अक्टोबर २०२३ । सप्तमी, आश्विन कृष्णपक्ष । कौलाध्व ११४३ ने.सं. । सूर्योदय ६:०८, सूर्यास्त ५:२८ । फूलपाती

आजको राशिफल

मेष	: मानसिक चिन्ता	तुला	: परिवारमा हर्ष
वृष	: कार्यान्तरणको योग	वृश्चिक	: व्यवसाय फस्टाउने
मिथुन	: व्यर्थ भ्रमण	धनु	: नैराश्यता
कर्कट	: मान प्रतिष्ठा वृद्धि	मकर	: परिश्रमबाट सफलता
सिंह	: धनहानि	कुम्भ	: सम्पत्तिसम्बन्धी विवाद
कन्या	: हर्ष थपिने	मीन	: मित्रबाट विरोध

प्रस्तावित विद्युत् विधेयकले जन्माएका अन्तर्निहित सवाल

✍ ई. डा. भेषराज थापा

आजभन्दा करीब ११६ वर्ष अगाडि सुरु भएको नेपालको विद्युत् क्षेत्रको उत्पादन, सञ्चालन र वितरणमा २०४७ सालसम्म नेपाली निजी लगानीकर्ताको संलग्नता देखिँदैन । विद्युत् ऐन २०४९ पछाडि नेपालमा विद्युत् क्षेत्रको विकास र सञ्चालनमा निजी लगानीकर्ताको उल्लेखनीय रूपमा उपस्थिति देखिन्छ । पहिलो तथ्यांक अनुसार हालसम्म नेपाल जडित क्षमताको आधारमा सरकारी स्वामित्वबाट करीब ११४० मेगावाट र निजी क्षेत्रको तर्फबाट १९९० मेगावाट विद्युत् उत्पादन भएको देखिन्छ ।

हालसम्म नेपालमा उत्पादन बाहेक प्रसारण वितरण वा व्यापारमा नेपाल विद्युत् प्राधिकरण (ने.वि.प्रा.) को मात्र संलग्नता देखिन्छ । यस परिप्रेक्ष्यमा हाल ने.वि.प्रा.ले गरिरहेको कार्यहरू उत्पादन प्रसारण र वितरण/व्यापार एउटै संस्थाले गर्न नपाउने गरी विश्व बजारमा प्रचलित व्यवस्था/अभ्यास अनुसार प्रतिस्पर्धाको आधारमा गर्न पाउने गरी २०८० असोज २१ गते संघीय संसदमा विकेन्द्रीकरण र खण्डीकरणको मुख्य दुई उद्देश्य साथ प्रस्तावित विद्युत् विधेयक २०८० प्रस्तुत गरिएको छ ।

यस परिप्रेक्ष्यमा प्रस्तुत प्रस्तावित विद्युत् विधेयकमा रहेका केही अन्तर्निहित सवालहरू संघीय प्रतिनिधित्व गर्ने जनप्रतिनिधिका रूपमा संघीय सांसदहरूले निम्न जिज्ञासाहरूको उत्तर खोजुहुनेछ भन्ने अपेक्षा सहित यो आलेख प्रस्तुत गरेको छु ।

नेपालको संविधानले राज्यको तीन तहको सरकार बीच अधिकार र जिम्मेवारीको बाँडफाँट र आपसी समन्वय कायम गर्ने उद्देश्यका साथ विकेन्द्रीकरणका उद्देश्य र विद्युत् उत्पादन, प्रसारण तथा वितरण/व्यापारलाई प्रतिस्पर्धाको आधारमा हाल चलिरहेको ने.वि.प्रा. लाई खण्डीकरण गर्ने दोस्रो उद्देश्यका साथ आएको यो प्रस्तावित विधेयक सैद्धान्तिक रूपमा समयसापेक्ष देखिन्छ । तर यसका थुप्रै दफा, उपदफाहरू राष्ट्रिय हितको परिप्रेक्ष्यमा कमजोर देखिन्छ ।

यस प्रस्तावित विधेयकले प्रतिस्पर्धाको आधारमा स्वदेशी तथा विदेशी लगानीकर्ताहरूले एकल वा संयुक्त रूपमा लगानी गर्न उत्पादन प्रसारण र वितरणमा खुल्ला पहुँचको सुविधा दिएको छ । यस विधेयकमा प्रस्तावित गरे अनुसार आयोजनाको पहिचान एवम् प्राथमिकता गर्ने अधिकार जल तथा ऊर्जा आयोगलाई प्रत्यायोजन गरिएको छ तर त्यसपछिको सर्वेक्षण, सम्भाव्यता अध्ययन, अनुमति प्रदान गर्ने, आयोजना सञ्चालन र विकास गर्ने अधिकार ५ मेगावाटसम्म स्थानीय सरकार, ५-२५ मेगावाटसम्म प्रदेश सरकार र २५ मेगावाटभन्दा बढी जडित क्षमता भएका आयोजनाको हकमा संघीय सरकारलाई अधिकार दिइएको छ ।

यसरी आयोजनाको पहिचान, सर्वेक्षण र विस्तृत सम्भाव्यता अध्ययन गर्ने अधिकार संघीय सरकारलाई उपलब्ध गराई एकीकृत नदी बेसिन प्रणालीको आधारमा विस्तृत अध्ययन गराई प्राथमिकीकरण गरेर मात्र उपलब्ध जलस्रोतको अधिकतम उपयोग हुने सुनिश्चितता हुने देखिन्छ । तसर्थ समग्र विस्तृत अध्ययन र प्राथमिकीकरणसम्म संघीय सरकारका अधीनमा राख्नुपर्ने उपयुक्त हुने देखिन्छ ।

यसरी अध्ययन गर्दैगर्दा जलाशययुक्त बहुउद्देश्यीय आयोजनालाई प्राथमिकीकरण गर्नुपर्नेछ, यसो गर्दा समग्र नेपालको विभिन्न साना, ठूला नदी प्रणाली बेसिनबाट आउने समग्र ऊर्जाको जडित क्षमताको जानकारी समेत उपलब्ध हुने देखिन्छ । विकेन्द्रीकरणको सिद्धान्त अनुसार आयोजना सञ्चालनको अनुमति प्रदान गर्न, सञ्चालन र विकास गर्ने अधिकार स्थानीय र प्रदेश तहमा रहने व्यवस्था संविधानको मर्म र भावना अनुसार रहेको तर यसका लागि संघीय सरकारले हालबाट नै सम्बन्धित सरकारको प्राविधिक र आर्थिक क्षमता अभिवृद्धिका कार्यक्रमहरू लागू गर्नुपर्ने आवश्यकता देखिन्छ ।

यसरी आयोजनाको पहिचान, सर्वेक्षण, विस्तृत सम्भाव्यता अध्ययन गरिएका आयोजनाहरू विकेन्द्रीकरणको सिद्धान्त अनुसार अनुमति प्रदान, विकास र सञ्चालनको कार्यहरू सम्बन्धित सर कारबाट गरिएमा विद्युत् उत्पादनको स्रोत र आयोजना दोहोरो नपर्ने सुनिश्चितता गर्न सकिने देखिन्छ ।

प्रतिस्पर्धाको आधारमा उत्पादन, सञ्चालन र विकास गर्ने भनिए पनि सरकारले आफैं सञ्चालन गर्ने, ५१ प्रतिशतभन्दा बढी सरकारी स्वामित्व भएको, आयोजना, क्याप्टिभ वा सहउत्पादन, १०० मे.वा. भन्दा ठूला आयोजना (जसले व्यापार घाटा न्यूनीकरण, भुक्तानी सन्तुलन, आर्थिक विकास, रोजगारी सृजना र नेपालमा उपलब्ध सीप र जनशक्तिबाट मात्र आयोजना विकास सम्भावना नभएमा) प्रतिस्पर्धा नगराइकन दिने भन्ने व्यवस्था गरेको छ ।

यो व्यवस्थाले नेपालको आर्थिक वृद्धिदर र विकासलाई छलाङ मार्न सक्ने १०० मेगावाट भन्दा ठूला विद्युत् आयोजनाहरू नेपाल सरकार वा विदेशी सरकार वा निजले तोकेको संगठित संस्थालाई सौंफै विना प्रतिस्पर्धा दिन सकिने भनिएको छ । यो प्रावधानले नेपालका ठूला सम्भावित आयोजना विना प्रतिस्पर्धा विदेशी वा विदेशी कम्पनीहरूको हातमा सुम्पने मनसायका साथ यो प्रस्तावित विधेयक आएको जस्तो देखिन्छ । यस प्रस्तावित विधेयकको यो प्रावधानलाई पूर्ण रूपमा फिरुर्ने यसको सट्टामा, यस विधेयकले अंगीकार गरेको प्रतिस्पर्धाको सिद्धान्तलाई ऐनमा राख्दा राम्रो हुने देखिन्छ ।

यस प्रस्तावित विधेयकमा अनुमतिपत्र प्रदान गर्दा जलाशययुक्त आयोजनालाई ४५ वर्ष, अन्य जलविद्युत् आयोजनालाई ४० वर्ष र विदेश निर्यात गर्ने भए सो समय भन्दा ५ वर्ष कम तोकिएको छ । यसका साथै अन्य स्रोतबाट उत्पादन गरिएका हकमा, विद्युत् प्रसारण, वितरण र व्यापारको हकमा २५ वर्ष र ग्राहक सेवाको हकमा ५ वर्ष र नवीकरण गर्ने व्यवस्था रहेको छ । यी प्रावधानहरूलाई ५ वर्ष जति थप गर्न उपयुक्त हुने देखिन्छ । जसले लगानी जोखिम न्यूनीकरण गरी निजी क्षेत्रलाई थप लगानीको लागि प्रोत्साहन मिल्ने देखिन्छ । यसरी अनुमतिपत्र प्राप्त संस्थाको अवधि समाप्तिपछि सरकारलाई पूर्ण स्वामित्व निःशुल्क हस्तान्तरण गर्ने भनिएको छ । तर त्यसपछि आयोजनाको स्वःपूँजी लगानी गरेका स्थानीयको शेयर र सर्वसाधारणले लगानी गरेको शेयरको विषयमा यस विधेयकले केही बोलेको देखिँदैन ।

तसर्थ अवधि समाप्ति सम्पन्न हुनुभन्दा कम्तीमा ७ वर्ष अगाडि सर्वसाधारणलाई शेयर निष्काशन गर्न नपाउने व्यवस्था गरिनुपर्छ । यसरी सर्वसाधारणका लागि शेयर निष्काशन गर्ने आयोजनाको प्रति मेगावाट लगानी उच्च राखी शेयर जारी गर्दा सर्वसाधारण मर्कामा पर्ने देखिन्छ ।

यस विधेयकमा व्यवस्था गरिएको प्रतिस्पर्धाको आधारको दफामा व्यवस्था गरिएको प्राविधिक र आर्थिक आधारमध्ये आर्थिक आधारमा निःशुल्क दिइने शेयरको पनि आधार बनाइएको छ जसको कारण आयोजना महँगोमा निर्माण गर्ने अनि समग्र लाभ निकाल्दा बढी देखाएर निःशुल्क दिइने ऊर्जा कम भएर पनि समग्र रूपमा राष्ट्रलाई कम लाभ हुँदाहुँदै पनि आयोजना स्वीकृत गर्नुपर्ने देखिन्छ । त्यस्तै आर्थिक आधार मा राखिएको विद्युत्को महसुल दर भनेको सर कारले तोक्ने हुन्छ तर प्रतिस्पर्धाले विद्युत् बिक्री गर्ने दर प्रस्ताव गर्ने भएकाले सोही अनुसार परिवर्तन गर्न उपयुक्त देखिन्छ ।

यसरी प्रतिस्पर्धा गराइने आयोजनाको समग्र लाभ निकाल्दा विदेशी लगानीकर्ताले प्रस्ताव गरेको समग्र लाभ भन्दा स्वदेशी लगानीकर्ताले प्रस्ताव गरेको दुई प्रतिशत कम भए पनि स्वदेशी लगानीकर्तालाई दिनुपर्ने भनिएको छ जसले स्वदेशी लगानीकर्तालाई प्रोत्साहन गर्दछ । तर विदेशी लगानीकर्ताले स्वदेशमा भन्दा निर्यात गर्ने हिसाबले नै ठूला आयोजनाहरू निर्माण गर्ने हुँदा दुई प्रतिशतलाई बढाई ५ देखि ७ प्रतिशतसम्म राख्न सकिने देखिन्छ । तर यसरी निकाल्ने समग्र लाभ कसरी निकालिन्छ भन्ने विषयमा प्रस्तावित विधेयक मौन देखिन्छ ।

आयोजनाहरूको सञ्चालन र विकास गर्दा जलाशययुक्त बहुउद्देश्यीय आयोजनाहरूलाई प्राथमिकीकरण गर्नुपर्ने प्रावधान राखिए तापनि त्यस्ता आयोजनाहरू बनाउँदा माथिल्लो तटीय क्षेत्रमा उत्पन्न जोखिमको उचित मूल्यांकन, आयोजनाका कारण तल्लो तटीय क्षेत्रमा सिर्जित फाइदाहरू (बाढी नियन्त्रण, भ्युलु एडेड वाटर, नियन्त्रित बहाव, हिउँदमा उपलब्ध थप सिंचाइका लागि उपलब्ध पानी आदि) को विषयमा र उक्त पानीको मूल्य गणना कसरी निर्धारण गर्ने भन्ने विषयमा यो विधेयकले केही बोलेको देखिँदैन । हाल संसारमा प्रचलित अन्तर्राष्ट्रिय कानुन, अभ्यासका आधारमा समग्र फाइदाहरूको मूल्यांकन गरिनुपर्ने देखिन्छ ।

यो विधेयकमा राखिएका कतिपय दफाहरूले राज्यका तीनै तहबीच समन्वय भन्दा बढी झगडा निम्त्याउने देखिन्छ । उदाहरणको लागि हाल थुप्रै अन्तर बेसिन बहुउद्देश्यीय आयोजनाहरू बनिरहेका र बन्ने प्रक्रियामा छन् । यस विषयमा विधेयकले के कसरी समग्र लाभ आपसमा बाँडफाँट हुने हो स्पष्ट रूपमा ऐनमा किटानी गरी विनियमबाट सम्बोधन गर्नुपर्ने देखिन्छ ।

राज्यको व्यवस्थापनमा ५१ प्रतिशत भन्दा बढी शेयर लगानीमा बन्ने आयोजना जसमा समग्र प्रतिफल (इन्टर्नल रेट अफ रिटर्न- आईआरआर) बढी भएका आकर्षक आयोजनामा स्वदेश वा विदेशमा रहेका नेपाली नागरिकहरूलाई ४९ प्रतिशतसम्म शेयर लगानी गर्ने वातावरण निर्माण गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ । जसले जनताको लगानीमा जलविद्युत् आयोजनाहरू बन्ने र जनताको अपनत्व निर्माण गर्ने देखिन्छ ।

आयोजना स्थलको जग्गा प्राप्ति कसरी सहज बनाउने, यो कानुनसँग बाझिएका कतिपय जग्गा प्राप्ति र वनसँग सम्बन्धित कानुनहरूलाई कसरी आकर्षित र संशोधन गर्ने भन्ने विषयमा यो विधेयक मौन देखिन्छ । यसले गर्दा आर्थिक योगदानका हिसाबले महत्वपूर्ण रहेको विद्युत् आयोजनाको विकासमा धेरै जटिल समस्या देखिएर आयोजना विकास सुस्त/ढिला हुने देखिन्छ ।

संविधानको अवधारणा र मर्म अनुसार अन्तरदेशीय र अन्तर प्रदेशीय प्रसारण लाइनको विस्तार नेपाल सरकारको स्वामित्व रहने गरी संघको क्षेत्राधिकार, प्रदेशस्तरीय विद्युत् सेवा र व्यापार प्रदेशको क्षेत्राधिकार र स्थानीय सेवाको व्यवस्थापन र स्थानीय सेवाको आपूर्ति स्थानीय सरकारको क्षेत्राधिकारभित्र राख्ने व्यवस्था मिलाउनु उपयुक्त देखिन्छ ।

हाल लघु जलविद्युत् आयोजनाले स्थानीय जनताको लगानीमा ५५ जिल्लामा करीब ३०२ सामुदायिक संस्थाबाट करीब ५ लाख घरधुरीमा सामुदायिक विद्युतीकरण गरेको देखिन्छ । तर यस विषयमा विधेयकमा कहीं कतै उठान भएको देखिँदैन । तसर्थ समग्रमा के भन्न सकिन्छ भने यस विधेयकले नीतिगत रूपमा खासै अग्रगामी छलाङ मारेको देखिँदैन ।

यसलाई कार्यान्वयन गर्न थुप्रै नियमावली बनाउने व्यवस्था गरेको छ, जसले यसको धरातल कमजोर रहेको केही हदसम्म पुष्टि गर्दछ । यो विधेयक विद्युत् क्षेत्रको छाता ऐनको रूपमा आउने भएकाले यसले हाल सञ्चालन र प्रचलित रहेका कतिपय विधेयकहरू उदाहरणका लागि साना जलविद्युत् योजना, वैकल्पिक ऊर्जा र क्षेत्राधिकार, पम्प स्टोरेज, ऊर्जा दक्षता, नवीकरणीय ऊर्जा, हाइड्रोजन इनर्जी, नेट मिटरिङ, लघु जलविद्युत् योजना, पब्लिक प्राइभेट पार्टनरसिप (पीपीपी), हेड्जिङको अवस्था, ब्लेन्डेड फाइनान्स, कार्बन ट्रेडिङ आदिको विषयमा मौन रहेको देखिन्छ । यस्ता विषयहरू पनि यस प्रस्तावित विधेयकले उठान गर्नुपर्ने देखिन्छ ।

यस विधेयकको प्रमुख उद्देश्य विकेन्द्रीकरण र हालको संस्था विद्युत् प्रधिकरणको खण्डीकरण एकै पटकमा लागू गर्ने आशयमा रहेकाले यसलाई विचार गरी संविधानको भावना अनुसार प्राकृतिक स्रोतको उच्चतम उपयोगलाई मध्यनजर गर्दै सम्पूर्ण योजनाहरूको अध्ययन, सर्वेक्षण, विस्तृत सम्भाव्यता अध्ययन संघीय निकायद्वारा गरी सम्पूर्ण आयोजनाहरूको उत्पादन, वितरण, व्यापार प्रतिस्पर्धाको आधारमा गराई संघात्मक विकेन्द्रीकरण र संघीय विषयमा मात्र हाललाई खण्डीकरण लागू गर्दा उपयुक्त हुने देखिन्छ ।

(साभार: अनलाइनखबर)

पूर्वराजा बोल्दा किन हल्लिन्छ गणतन्त्र ?

✍ ई. डा. भेषराज थापा

प्रमुख भूमिकामा रहेका जिम्मेवार नेताहरू बेलाबखत गणतन्त्र खतरामा छ भन्ने गर्छन् । प्रणालीमाथि नै खतरा छ, मुलुकमा राजसंस्था फर्कन सक्छ भनेर बेलाबखत टिप्पणी गर्छन् । उनीहरू किन यस्तो भन्छन् ? यो विषयउपर अब घनिभूत छलफल आवश्यक छ ।

पूर्वराजा ज्ञानेन्द्र चुपचाप सरकारले तोकेको मर्यादाभित्र बसेर जीवनयापन गरिरहेका छन् । उनमा राजा हुने हुटहुटी पनि देखिँदैन । तर उनी आफ्नो कम्पाउन्डबाहिर निस्कनासाथ किन यो व्यवस्था काँप्न थाल्छ ? मठ, मन्दिर, धार्मिक स्थल, जाँदा हजारौं जनताको साथ र स्वागत अनि समर्थन पाउँछन् । त्यो समर्थन देख्नासाथ गणतान्त्रिक नेताहरू चिच्याउनु, कराउनु स्वाभाविक हो ? पूर्वराजा ज्ञानेन्द्रसँग त्यस्तो छडी के छ जसले यो व्यवस्थालाई हल्लाउँछ ?

ज्ञानेन्द्र राजाका रूपमा उदय हुँदा उनले मुलुक र जनताप्रति भलो चिताई केही समयका लागि शासन सत्ता लिंदा निर्वाचन गरी जनतालाई नै फिर्ता दिने घोषणा गरेका थिए । उनले यो प्रतिबद्धता जनतालाई बुझाउन सकेनन् वा जनताले बुझेनन् । तर सात राजनीतिक दल र माओवादीबीच त्यही समय भारतीयहरूको प्रत्यक्ष संलग्नतामा भारतीय भूमिमै बाह्रबुँदे सहमति गराइयो । बाह्रबुँदे सहमतिमा राजसंस्था विरुद्धमा केही उल्लेख थिएन ।

यही बाह्रबुँदे सहमतिको जगमा सात राजनीतिक दलहरूले माओवादीको साथ लिएर सडक सैर्ष सुरु गरे । अन्ततः राजनीतिक दलहरू र राजा बीचको सहमतिमा २०६३ वैशाख १२ गते दलहरूले नै ड्राफ्ट गरेको विषय राजाले शाही घोषणामार्फत आन्दोलनको अन्त्य गराएका थिए ।

शाही घोषणाअघि निकै पटक राजाका प्रतिनिधिसँग दलहरूले छलफल गरेका थिए । यो घोषणा गर्दैगर्दा सात राजनीतिक दल र राजा ज्ञानेन्द्रबीच पाँचबुँदे सहमति भएको थियो । त्यो सहमति अहिले राजनीतिक बजारमा चर्चाको शिखरमा छ । त्यसमा राजाले विघटित संसद् ब्युँताउने, दलहरूले चालू आन्दोलन फिर्ता लिने, सार्वभौम सत्ता जनतामा रहने, संवैधानिक राजसंस्था कायम रहने, कांग्रेसको नेतृत्वमा सरकार गठन गर्ने सहमति भएको थियो । अनि आन्दोलन टुङ्गिएको थियो । यसलाई पुष्टि गर्ने प्रर्याप्त आधार छन् ।

दुई पक्षको सहमतिलाई इमानदारपूर्वक पालना गर्दै राजाले संसद् ब्युँताए, सार्वभौमसत्ता जनतामा निहित रहेको घोषणा गरे । कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालालाई प्रधानमन्त्री घोषणा गरी शपथग्रहणसमेत गराए । समय चक्रसँगै यही जगमा उभिएर प्रधानमन्त्री गिरि जाप्रसाद कोइरालाले २०६४ जेठ ४ गते नेपालको संविधान २०४७ लाई संशोधन गर्नेगरी संसद्मा घोषणा गरे । तीमध्येका प्रमुख विषय राजपरिषद्ले गर्ने काम आइन्दा संसदले गर्ने, राजाको उत्तराधिकारी जेठो सन्तान छोरा वा छोरी जो पनि बन्न सक्ने गरी संसद्ले कानुन बनाउने, राजाका बारेमा संसद्मा कुरा उठाउन पाइने तथा राजाको सम्पत्तिमा पनि कर लाग्नेलगायतका विषय सामावेश थियो ।

अब प्रश्न उठ्छ, दलहरू र राजाबीच संवैधानिक राजसंस्था रहिरहने सहमति नभएको भए यी विषय किन घोषणा गरियो ? माथिका बुँदाले संवैधानिक राजसंस्था रहिरहने सहमति भएकै हो । २०४६ सालको राजनीतिक परिवर्तनताका पनि यस्तै सहमति भएको थियो । त्यो बेला दुवै पक्षबाट इमानदार प्रस्तुत हुँदा सहज ढङ्गले राजनीतिक अवतरण भएको थियो ।

संविधान सभाले जब ज्ञानेन्द्रलाई धोखा दिँदै मुलुकमा राजा नरहने घोषणा गऱ्यो समस्या त्यहीँबाट उत्पन्न भयो । यो राजनीतिक समस्या आजको दिनसम्म झाँगिँदै जाँदा यसले विकराल रूप लिएको छ । राजावादी तथा राजसंस्थावादीको ठूलो समूह यो व्यवस्थाविरुद्ध उभिएका छन् ।

परिवर्तनको राप र ताप कायमै रहेको तत्कालीन अवस्थामा राजा ज्ञानेन्द्रले आफूसँग भयका सहमतिबारे मुख नखोली २०६५ जेठ २९ गते नारायणहिटीबाट देशवासीका नाममा सम्बोधन गर्दै राजमुकुट, राजदण्ड शाहावंसीय विरासत पूर्ण नासो सरकारको जिम्मा छोडेर हाँसी, हासी दरबार त्यागे ।

आज यही सहमतिबारे राजा ज्ञानेन्द्रले मुख खोल्लान् कि भनेर गणतन्त्रवादीहरूमा त्राहिमाम छ । अनि राजा घर कम्पाउन्डबाट निस्किए भने रुन्चे स्वरमा बर्बराउन थाल्छन् । परिवर्तनको यति लामो समय पूर्वराजा चुपचाप बस्दा पनि दलहरू यो सहमतिबारे बोल्न चाहँदैनन् ।

आज मुलुक लुट र भ्रष्टाचारको जञ्जालमा गाँजिएको छ । विदेशीहरूको क्रीडास्थल बनेको छ । धर्म परिवर्तनका नाममा हाम्रो संस्कृति मासिएका छन् । रीतिरिवाज र परम्परा ध्वस्त हुँदै गएका छन् । उद्देश्य र गन्तव्यविहीन अवस्थामा राजनीति छ । आर्थिक रूपमा मुलुक टाट पल्टने अवस्थामा छ । देश छोडेर बिदेसिनेको संख्या डरलाग्दो छ । हाम्रो परिचय, पहिचान, स्वाभिमान हराउँदै गएको छ । मुलुकको यो अवस्थाका बारेमा सबै जानकार छन् ।

परिवर्तनका नाममा लुटिएको अस्मिता बचाउन नेपाली पहिचान र स्वाभिमान कायम गर्न र सिङ्गो मुलुकको रक्षार्थ पूर्वराजा ज्ञानेन्द्र जता जान्छन् उतै हजारौं जनता उपस्थित भएर गुहार मारौं उनलाई पुकार्छन् । यो शुंखला अब लामो समय रहँदैन आफूमा गद्दी मोहको हुटहुटी नभए पनि नेपाली जनताबाट पूर्वराजा ज्ञानेन्द्रलाई भएका सहमतिबारे मुख खोल्न र मुलुक सम्हाल्न बाध्य पारिँदैछ ।

अब राजा ज्ञानेन्द्रले राजधर्म निभाउने बेला आएको छ । नासोको रूपमा छोडेको राजमुकुट र राजदण्ड फिर्ता लिने समय आएको छ ।

राजा ज्ञानेन्द्रलाई राजगद्दीभन्दा जनतालाई राजा चाहिएको अवस्था अहिले छ । जनविद्रोहको सम्भावना बढ्दै गएको छ । यो परिवेशमा ज्ञानेन्द्र सायद बाध्यात्मक अवस्थामा छन् । दलहरूमा थोरै भए पनि चेत छ भने हिजो भएको सहमति नयाँ सिराबाट कार्यान्वयन गर्न राजासहितको गोलमेच सम्मेलन गरून् । सहमति पालाना गरून् । अन्यथा समयले माफी दिने छैन ।

लाखौं जनता सडकमा आएर राजनीतिक विद्रोह गरेको दिन राजा ज्ञानेन्द्र स्वयं मुख खोल्न बाध्य हुन्छन् । यसरी बाध्य पारियो भने प्रजातन्त्रसमेत नरहने अवस्था आउँछ सक्छ । केवल सर्वनास सिवाय केही हुने छैन । अबको केही समयमा नै नेपाली जनताको खातिर राजधर्म निभाउँै राजा ज्ञानेन्द्र बोल्न बाध्य हुन्छन् । तसर्थ प्रजातन्त्र जोगाउन पनि भएका सहमतिलाई इमानदारीपूर्वक पालना गर्न जरुरी छ ।

(साभार: रातोपाटी)

'यसपटक विश्वकप खेल्ने सुनौलो अवसर छ'

काठमाडौं/नेपाली क्रिकेट टिमका फास्ट बलर करण केसीले यस पटक नेपाललाई टी-२० विश्वकपमा छनोट हुने अवसर रहेको बताएका छन् ।

अर्को वर्ष हुने टी-२० विश्वकपको एसिया क्षेत्रको छनोटको तयारीका रुपमा रहेको त्रिकोणात्मक टी-२० सिरिजमा बिहीबार हङकङलाई हराएपछि करणले यस पटक नेपालको एक मात्र लक्ष्य विश्वकपमा पुग्ने बताएका हुन् ।

'हाम्रो मिसन नै टी-२० विश्वकप हो । जसरी भएपनि हामी विश्वकपमा पुग्नैपर्छ र विश्वकपमा गएर राम्रो गर्नुपर्छ', हङकङ विरुद्धको खेलमा प्लेअर अफ दि म्याच बनेका करणले भने ।

हङकङ विरुद्ध उत्कृष्ट बलिङ गरेका करणले ४ ओभरमा १५ रन मात्र खर्चेर ४ विकेट लिएका थिए । सिरिजको पहिलो खेलमा बुधबार युएईलाई हराएको नेपालले लगातार दोस्रो जित निकाल्दै फाइनल यात्रा बलियो बनाएको छ ।

पहिलो खेल खेल्दा विकेटको अवस्था थाहा पाएकाले दोस्रो खेलमा सहज भएको करणले बताए । 'हिजो पनि खेलिसकेको यो विकेटमा, योजनाहरु स्पष्ट थियो । यो विकेटमा कसरी बलिङ गर्ने भन्ने थाहा थियो । विकेट स्लो थियो । सुरुमा विकेट पनि आयो । योजना अनुसार नै भयो आज', करणले हङकङ विरुद्धको प्रदर्शनबारे भने ।

बुधबार काठमाडौंमा नेपाल, हङकङ र युएई सम्मिलित टी-२० सिरिज भइरहेको छ । जसलाई यही अक्टोबर ३० देखि काठमाडौंमै हुने टी-२० विश्वकप एसिया छनोटको तयारीको रुपमा लिइएको छ ।

एसिया छनोटमा यी तीन टिमसहित ओमान, मलेसिया, सिंगापुर, बहराइन र कुवेत गरी ८ राष्ट्रले प्रतिस्पर्धा गर्नेछन् । जसमा फाइनल पुग्ने शीर्ष दुई टोली अर्को वर्ष वेष्ट इन्डिज र अमेरिकामा हुने विश्वकपमा छनोट हुनेछन् ।

विश्वकप पुग्न नसकेको पीडा

नेपाल यसअघि अष्ट्रेलिया भएको टी-२० विश्वकपमा छनोट हुन असफल भएको थियो । ओमानमा भएको ग्लोबल छनोटको समूह ए मा सेमिफाइनलमा युएईसँग पराजित भएपछि नेपाल टी-२० विश्वकप पुगनबाट वञ्चित भएको थियो । त्यसबेला करण केसी टिममा रहेपनि घाइते भएपछि घर फर्केका थिए र छनोट चरणका खेलहरु गुमाएका थिए ।

करणलाई अहिले पनि त्यो सम्झना दुःख लाग्छ । आफू भएको भए नेपाललाई विश्वकपमा पुऱ्याउन सक्थें कि भनेर उनी अहिले पनि सम्झिन्छन् । तर त्यो विगतको समय अब फर्केर आउँदैन ।

त्यसैले अब घरेलु मैदानमा हुने छनोट प्रतियोगिताबाट शीर्ष दुईमा रहेर फेरि विश्वकपमा पुग्ने नेपालको लक्ष्य छ । 'त्यही बेलादेखि मनमा लागेको छ कि त्यो बेला पनि वर्ल्ड कप पुग्न सक्थ्यो । म खेलेको भए पुग्न सक्थ्यो कि भनेर मलाई लागिरहन्छ । त्यही बेला म घाइते भएँ । सोम पनि घाइते भयो', उनले भने ।

त्यतिबेला छनोट चरणको खेलअघि नै सोमापाल कामी घाइते भएकाले टिममा एिएनन् । सोम र करण नहुँदा अविनाश बोहरा, जितेन्द्र मुखिया र कमल सिंह ऐरीले नेपालको फास्ट बलिङ सम्हालेका थिए ।

यस पटक भने नेपाली टिमका धेरै सदस्य विश्वकपमा छनोट हुनेमा आशावादी छन् । 'यस पटक हामी जसरी पनि विश्वकप खेल्नुपर्छ भनेर आपसमा कुरा पनि गरिरहेका छौं । यो गोल्डेन अवसर हो । छनोट पनि घरेलु मैदानमा हुँदैछ', करणले जोशका साथ भने, 'सबैजना त्यसका लगि मिहिनेत गरिराछौं विश्वकप जसरी भएपनि खेल्नुपर्छ ।'

फास्ट बलिङ युनिट जम्दै

अहिले नेपाली टिममा फास्ट बलिङ राम्रो छ । कुनै समय नेपालको बलिङमा स्पिन हावी हुन्थ्यो । स्पिनरले खेल जिताउँथे । तर अहिले सन्दीप लामिछाने टिममा नहुँदा नेपालको बलिङ अट्याक नै फास्ट बलिङ जस्तै देखिएको छ ।

हङकङ विरुद्ध नेपालले सबै १० विकेट लिंदा ८ विकेट फास्ट बलरको नाममा थियो । जसमा करणले ४ तथा सोमपाल र अविनाशले समान २ विकेट लिए ।

धेरै फास्ट बलर हुँदा सबैलाई आफ्नो भूमिका क्लियर हुने र त्यसले सजिलो भएको करणले बताए । 'सबैको रोलहरु क्लियर छ । हामी चार जना मिडियम पेसर लिएर खेलिरहेका छौं । त्यसले गर्दा पनि सजिलो भइरहेको छ । पहिला म र सोम मात्र दुई जना मिडियम पेसर खेल्थ्यौं । अहिले ३-४ जना खेल्दा ब्याक अप पाइराछ', उनले भने ।

पछिल्लो समय नेपालले निरन्तर अन्तर्राष्ट्रिय क्रिकेट खेलिरहेकाले पनि खेल सजिलो भएको करणले बताए । नेपालले एसिया कप क्रिकेटमा भारत र पाकिस्तानसँग प्रतिस्पर्धा गरेको थियो । त्यस्तै चीनमा भएको एसियन गेम्समा पनि भारतीय टिमसँग प्रतिस्पर्धा गरेको थियो ।

'भारत र पाकिस्तानसँग पनि खेल्यौं । भारत ए सँग पनि खेल्यौं । राम्रो टिमसँग खेल्दा कन्फिडेन्स पनि आउँदो रहेछ । अब यसरी नै अझै भविष्यमा राम्रो टिमसँग खेल्न पाए, सिरिज खेल्न पाए त्यसले फाइदा हुन्छ', उनले भने । नेपालले गत महिना भारतको राजस्थानमा पनि प्रशिक्षण र टी-२० अभ्यास खेल खेलेको थियो ।

स्वस्तिमाले गरिन् निश्चल राजनीतिमा आउन सक्ने संकेत

काठमाडौं/गएको स्थानीय तह र संघीय निर्वाचनमा निर्देशक तथा अभिनेता निश्चल बस्नेतले स्वतन्त्र र पार्टीगत केही उम्मेदवारको पक्षमा खुलेरै सामाजिक सञ्जालबाट मत मागेका थिए । विशेषगरि, काठमाडौं महानगर पालिकाको मेयरमा बालेन शाहलाई जिताउन उनी सक्रिय देखिएका थिए । उनी आफैं राजनीतिप्रति चासो राख्छन् । यसैले उनका फिल्ममा कुनै न कुनै रुपमा राजनीतिक जोडिएको हुन्छ ।

उनी ६ वर्षपछि निर्देशनमा फर्किएको फिल्म 'दिमाग खराब' पनि राजनीतिक पृष्ठभूमिमा केन्द्रित भएर बनेको छ । यसपटक उनले विभिन्न उम्मेदवारलाई भोट मागनु र फिल्म पनि राजनीतिक विषयमै बनाउनुले उनी भविष्यमा राजनीतिमा आउने योजनामा त छैनन् भन्ने चासो धेरैमा छ । यस्तैमा उनकी श्रीमती तथा अभिनेत्री स्वस्तिमा खड्काले निश्चल राजनीतिमा आउन सक्ने संकेत गरेकी छन् ।

फिल्मको प्रचारको उद्देश्यले निर्माण कम्पनी सिनेमा आर्ट्सले तयार पारेको 'दिमाग खराब शो'मा प्रस्तोता सुमन काकीले निश्चललाई २०८४ सालको चुनावमा उम्मेदवार बन्न सक्ने सम्भावनाबारे सोधेका थिए । निश्चलले यसको जवाफ स्वस्तिमाबाट जान्न चाहे र सोधे- 'तिमी मलाई उठाउने हो ?' स्वस्तिमाले केहीछिन सोचेपछि भनिन्, 'देखिँदैन भन्न सकिँदैन ।' उनको जवाफमा निश्चल मौन देखिए ।

निश्चल 'सेलिब्रेटी निर्देशक' हुन् । उनको आफ्नै क्रेज छ । यसैले हरेकपटकको निर्वाचनमा उनलाई विभिन्न राजनीतिक दलले चुनाव लड्न प्रस्ताव गरेको बताइन्छ । अब भने उनी राजनीतिमा आउने मनस्थितिमा र हेको स्वस्तिमाको भनाईले संकेत गर्छ । चर्चा त के पनि छ भने काठमाडौंका मेयर बालेन शाहले पार्टी खोलेको खण्डमा निर्देशक बस्नेत राजनीतिमा आउन सक्ने सम्भावना प्रबल छ ।

बुटिक व्यवसायमा अदिती

काठमाडौं/कोरोना महामारीको समयमा महिनौं फिल्मको काम पूर्ण रुपमा ठप्प भएपछि धेरै कलाकारहरुले वैकल्पिक पेशा सुरु गरेका छन् । प्रायःले रेस्टुरेन्टमा लगानी गरेका छन् भने कसैले रियल स्टेट, शेयर कारोबार, बुटिक आदिमा हात हालेका छन् । यस्तैमा, फिल्म 'कृ'बाट अभिनेत्रीको रुपमा डेब्यू गरेर बलिउड प्रवेशका लागि मुम्बईमा संघर्षरत अदिती बुढाथोकीले पनि व्यवसाय थालेकी छन् ।

उनले काठमाडौंको टंगाल (भाटभटेनी)मा 'तुरुप्य नेपाल' नाममा बुटिक सञ्चालनमा ल्याएकी हुन् । केही हप्ताअघि बुटिकका लागि फोटोसुट गर्न उनी भारतबाट नेपाल आएकी थिइन् । यो बुटिकको इन्स्टाग्राममा उनले साडी र कुर्तीमा फोटोसुट गरेका तस्विरहरु भेटिन्छन् । यतिबेला उनी मुम्बईमा छिन् । बुटिक भने आमा पुष्पा बुढाथोकीले सम्हालेकी छन्, जो फिल्म 'बाबरी'की निर्माती हुन् ।

बुधबार अभिनेत्री स्वस्तिमा खड्काले उक्त बुटिकमा पुगेर त्यहाँ उपलब्ध निलो रंगको कुर्तीमा अदितीकी आमासँग खिचेको एउटा तस्विर आफ्नो इन्स्टा स्टोरीमा साझेदार गर्दै अदितीलाई बधाई दिएकी छन् । स्वस्तिमा र अदितीले एकसाथ फिल्ममा काम नगरेको भए पनि उनीहरुबीच राम्रो सम्बन्ध छ । गत महिना अभिनेता धिरज मगरको बर्थडे सेलिब्रेसनमा उनीहरु एकसाथ देखिएका थिए ।

दशैंको अवसरमा अदितीलाई दुईटा संयोग जुरेको छ । एकातिर उनको बुटिक सञ्चालनमा आएको छ भने अर्कोतिर उनी अभिनीत फिल्म 'बाबरी' घटस्थापनाबाट युट्युबमा रिलिज भएको छ । अब उनी 'बाबरी २'मा काम गर्ने चर्चा छ । धेरै हिन्दी र पञ्जाबी गीतमा अभिनय गरिसकेकी उनले केही समयअघि अमेजन प्राइमका लागि 'म्यूजिक' नामक एक हिन्दी वेब सिरिजमा काम गरेकी थिइन् ।

सीजी ब्रुअरीले बोनस दिएन, मजदुरले कुटे व्यवस्थापक

काठमाडौं/चौधरी ग्रुप (सीजी)ले दशैं बोनस नदिएको भन्दै सीजी ब्रुअरीका मजदुरहरु आन्दोलित भएका छन् । दुम्कौलीस्थित सिजी ब्रुअरीको उद्योगले अन्यापूर्ण तरिकाले बोनस नबाँडेको भन्दै आन्दोलित कर्मचारीले कम्पनीका व्यवस्थापनका अधिकारीहरुलाई समेत कुटपिट गरेका छन् ।

बुधवार बिहानैदेखि कार खानामा आन्दोलन गरिरहेका मजदुर हरुलाई रातिसम्मै परिसरमा नाराबाजी, ढुंगा मुढा र विरोध प्रदर्शन गरेका थिए । वार्तामा बसेर छलफल गर्न व्यवस्थापन तयार नभएको मजदुरहरुको दाबी छ । कम्पनीले नाफा कमाइरहे पनि बाहनाबाजी गरेर बोनस नबाँडिएको मजदुरहरुको गुनासो छ । नेपाल आइस, मुस्ताङ लगायतका बियर उत्पादन गर्दै आएको कम्पनीमा ३ सयभन्दा बढी मजदुर कार्यरत छन् ।

सीजी ग्रुपले पनि घटना भएको पुष्टि गर्दै कम्पनीका कर्मचारीहरुले बोनस माग गर्दै व्यवस्थापनका अधिकारीहरूमाथि कुटपिट गरेका र अभद्र व्यवहार प्रदर्शन गरेको बताएको छ ।

'देशको अर्थतन्त्र मन्दीबाट गुज्रिरहेको, बजार शिथिल बनेको र कम्पनीहरू न्यून क्षमतामा सञ्चालन भई अस्तित्व रक्षाका लागि संघर्ष गरिहेको अवस्थामा ब्रुअरीमा कार्यरत मजदुरहरूले अनाधिकृत माग अगाडि गर्दै व्यवस्थापनका अधिकारीहरूमाथि कुटपिट गर्ने, अभद्र व्यवहार गर्ने र औद्योगिक शान्ति खलबल्याउने जस्ता गतिविधि निन्दनीय छन्,' कम्पनीले भनेको छ,''अहिले उत्पादनको विक्रीमा २५ प्रतिशतले ह्रास आएको छ ।'

तर, मजदुरहरु भने कम्पनीले बाहानाबजी गरेर नियमित पाएको सुविधा खोसेको आरोप लगाइर आन्दोलनमा छन् । मजदुरले कम्पनीका पाँच जना उच्च पदस्थ कर्मचारीमाथि हातपात गरेको कम्पनीले जनाएको छ ।

विमानस्थल भित्रका पसलले लिन पाउने मूल्यको सीमा तोक्न समिति गठन

काठमाडौं/देशभरका विमानस्थल भित्र राखिएका वस्तु तथा सेवाको व्यापार गर्ने पसलहरुले लिन पाउने मूल्यको सीमा तोक्न नेपाल नागरिक उड्डयन प्राधिकरणले उच्चस्तरीय समिति गठन गरेको छ । विमानस्थल भित्रका पसलको मूल्य बाहिर बजारको तुलनामा महँगो हुने तर उपभोक्ताबाट यसबारे पटक पटक गुनासो आइरहेपछि केही दिन अगाडि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री सुदन किरातीले अनुगमन गरेका थिए ।

सो क्रममा कतिपय पसलमा एमआरपी नराखिएको र कतिपयमा महँगो मूल्य राखेको पाइएपछि विमानस्थल व्यवस्थापनले वाणिज्य विभागलाई अनुगमन गर्न भनेको थियो । विमानस्थलभित्र प्रधिकर पले तोकेको मूल्यमा भाडा तिर्नुपर्ने, अन्तर्राष्ट्रिय गुणस्तर कायम गर्नुपर्ने भएकाले बाहिरकै बजारको मूल्य राख्दा त्यसले गुणस्तरमा पर्ने प्रभाव समेतको अध्ययन गरी सीमा तोक्न बिहीबार प्राधिकरणले एक उच्चस्तरीय अध्ययन समिति गठन गरेको प्राधिकरणका प्रवक्ता ज्ञानेन्द्र भुलले जानकारी दिए ।

'विमानस्थललाई बजार क्षेत्र मान्ने कि नमान्ने भन्ने विवाद छ, एमआरपी बाहिरकै मूल्यमा राख्दा गुणस्तर कसरी मेन्टेन गर्नेसहितका नीतिगत विषय टुंग्याउन समिति गठन भएको छ,' उनले भने ।

प्रधिकरणका उपमहानिर्देशक जगन्नाथ निरौलाको संयोजकत्वमा गठन भएको समितिले १५ दिनभित्र उठेका विषयको कानुनी पाटो समय टुंग्याउने गरी जिम्मेवारी पाएको छ । बजार क्षेत्रको तुलनामा विमानस्थलको भाडा महँगो हुने गर्छ । यसबाहेक ती पसलहरुले वस्तुको गुणस्तर समेत मेन्टेन गर्नुपर्दा कतिसम्म मूल्य राख्दा उपभोक्ता नठगिने ग्यारेन्टी हुन्छ भन्ने विषय यो समितिले टुंगो लगाउने भएको छ ।

जनहितमा जारी सूचना

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो । बाल विवाह गर्ने, गराउन र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४	
विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १७३)	तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म गरिवाना हुनेछ ।
विवाह गर्न पूरा हुनुपर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।	

रामकृष्ण कोइराला (अध्यक्ष)
१६ नम्बर वडा कार्यालय,
हेटौंडा उपमहानगरपालिका

डेंगु रोग विरुद्ध सबै सचेत बनौं !

डेंगु रोगको महामारी हुन नदिन निम्न उपायहरू अवलम्बन गरौं !

१. गमला, फुलदानी, खाली बट्टा, अल्कत्रा वा मट्टितेलका खाली ड्रमहरू गाडीको काम नलाग्ने टायर आदीमा पानी जम्न नदिऔं ।
२. पानीका ट्याकीलाई लामखुट्टे प्रवेश गर्न नदिने गरि ढाकेर राखौं ।
३. पुरा बाहुला भएको शरिर पुरै ढाक्ने लुगा लगाऔं । दिउँसो वा राती सुत्दा झुल प्रयोग गरौं ।
४. घरका झ्याल ढोकामा जाली लगाऔं ।
५. घर वरिपरि सफा सुग्गर राखौं र पानी जम्ने खाल्डा खुल्डी पुरौं ।
६. डेंगु रोग रोकथाम तथा नियन्त्रणको लागि सचेतना फैलाऔं ।

हेटौंडा उपमहानगरपालिका
१० नम्बर वडा कार्यालय

जनहितमा जारी सूचना

तपाईको घर वा परिवारमा हुने
गरेका जन्म, मृत्यु, विवाह,
बसाईसराई, सम्बन्ध विच्छेद
लगायतका घटनाहरु
समयमै सम्बन्धित वडा
कार्यालयहरुमा गई दर्ता
गराउन हुन समस्त
वडाबासीमा अनुरोध
गर्दछौं ।

उद्धव सत्याल (अध्यक्ष)
१७ नम्बर वडा कार्यालय,
हेटौंडा उपमहानगरपालिका

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140,
057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

जनहितमा जारी सूचना



बच्ने उपाय
- पानी जम्ने भाँडा खाली गर्ने
- बट्टा ड्रम, गाडीको टायर घरको वरिपरी नराख्ने
- पूरा बाहुला भएको वा शरीर पूरे ढाक्ने कपडा लगाउने
- सुत्दा झुल प्रयोग गर्ने
- शरीरमा लामखुट्टे भगाउने मलम लगाउने
- घरका झ्याल ढोकमा जाली लगाउने
- घर वरपर सफा सुग्घर राख्ने खाल्डाखुल्डी पुर्ने

बागमती गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
मकवानपुर

बालबालिकाको इच्छाः विवाह होइन, शिक्षा

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० बर्ष पूरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० बर्षभन्दा कम उमेरमै विवाह गर्नु/गराउनु अपराध हो । बाल विवाह गर्ने, गराउन र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

मुलुकी अपराध संहिता २०७४	
• विवाह गर्ने व्यक्तिको उमेर बीस वर्ष नपुगी कसैले विवाह गर्न वा गराउन हुँदैन (दफा १७३)	• तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुनेछ ।
• विवाह गर्ने पूरा हुनु पर्ने उमेर पूरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।	

मनहरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मकवानपुर

बागमती प्रदेशमा दुईसय मेट्रिकटन बीउ प्रमाणीकरण

साझाकुरा संवाददाता

हेटौंडा, २ कार्तिक/ बीउबिजन प्रयोगशाला हेटौंडाले दुईसय दशमलव ६८ मेट्रिकटन बीउ प्रमाणीकरण गरेको छ । गत आर्थिक वर्षमा बागमती प्रदेशका बिभिन्न जिल्लाबाट आएका खाद्यान्न, तेलहन र दलहनको बीउ प्रमाणीकरण गरिएको हो ।

चितवन, धादिङ, काभ्रे, मकवानपुर, दोलखा, सिन्धुपाल्चोक, नुवाकोट, काठमाडौं, ललितपुर, भक्तपुरमा उत्पादन भएको धान, गहुँ, मकै, तोरी, मुसुरो, कोदो, भटमासलगायतको बालीको बीउबिजन प्रयोगशालाले बीउ सिफारिस र प्रमाणीकरण गर्दै आएको छ । बीउबिजन प्रयोगशाला हेटौंडाका सूचना अधिकारी सिर्मला योन्जनका अनुसार उमारशक्ति, चिस्यान र बीउको शुद्धताको आधारमा प्रमाणीकरण गरिन्छ ।

'बालीअनुसार फरक-फरक मापदण्ड हुन्छ, बीउको खडावाली, रोग कीरा लागे नलागेको, सम्बन्धित स्थानमा गएर मूल बीउ र प्रमाणिक बीउको नमूना ल्याएर प्रयोगशालामा शुद्धता, उमार शक्ति हेरेपछि मापदण्ड पूरा भएका बीउलाई प्रमाणीकरण गर्ने गरेका छौं,' सूचना अधिकारी योन्जनले बताइन् । चितवन, मकवानपुर, धादिङ र काभ्रेमा धान, मकै, गहुँ, तरकारी र जै घाँसको बीउविजनमा आत्मनिर्भर कार्यक्रम सञ्चालन गरिएको छ ।

बीउ बजार प्रवर्द्धन तथा सहयोग कार्यक्रम, बीउ स्रोतकेन्द्र स्थापना, गुणस्तर नियन्त्रण तथा नियमन गर्ने लगायत कार्य हेटौंडा कार्यालयले गर्दै आएको छ । प्रदेशमा सबैभन्दा धेरै बीउविजन उत्पादन गर्ने जिल्ला चितवन हो भने सबैभन्दा न्यून बीउ उत्पादन गर्ने रसुवा हो । बागमती प्रदेशमा मुल/श्रोतबीउ उत्पादनका लागि १६ वटा संस्थाले इजाजत लिई बीउ उत्पादन तथा व्यवस्थापन सम्बन्धी कार्य गर्दै आएका छन् ।

सरकारी, नीजि कम्पनी, सहकारी संस्था, कृषि समूह, गैरसरकारी संस्था र विश्वविद्यालयले स्रोत बीउ उत्पादनका लागि इजाजतपत्र लिई उत्पादन गरिरहेको बीउबिजन प्रयोगशाला हेटौंडाले जनाएको छ । प्रदेशको ललितपुरमा ३, काठमाडौंमा ४, चितवनमा ६ र सिन्धुपाल्चोक, मकवानपुर, नुवाकोटमा एक/एक वटा मूल/श्रोत बीउ उत्पादक रहेका छन् । त्यस्तै उत्पादित स्रोतबीउको प्रशोधन प्रयोजनका प्रदेशमा २० वटा निजीस्तरका कम्पनी, अनुसन्धान केन्द्र, सरकारी कम्पनी, कृषि समूह, सहकारी, गैरसरकारी तथा विश्वविद्यालयले बीउ प्रशोधनगरी लट नम्बर राखेर बीउको बिक्री वितरण गर्ने गरेको बीउबिजन प्रयोगशाला हेटौंडाको तथ्यांक छ ।

चितवनमा १२, ललितपुरमा ३, मकवानपुरमा २ र काठमाडौं, नुवाकोट र दोलखामा बीउ प्रशोधन कम्पनी रहेका छन् । बीउबिजन ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार निजीस्तरमा बीउ परीक्षण गर्ने कार्य सञ्चालनका लागि प्रदेशमा ३ वटा कम्पनीले राष्ट्रिय बीउविजन समितिबाट प्रयोगशालासम्बन्धी इजाजत लिई कारोबार गरिरहेका छन् । ललितपुरको वातावरण तथा कृषि नीति अनुसन्धान प्रसार एवं विकास केन्द्र (सिप्रेड), काठमाडौंको सियान सीड सर्भिस सेन्टर र चितवनको भर तपुरमा रहेको कृषि तथा वनविज्ञान विश्वविद्यालयले बीउविजन प्रयोगशाला सञ्चालन गरिरहेका छन् ।

बागमती प्रदेशमा व्यावसायिक रुपमा मुख्य खाद्यान्न, दलहन, तरकारीबालीको गुणस्तरीय बीउ उत्पादन तथा प्रमाणीकरण हुने गरेको छ । हेटौंडामा रहेको प्रयोगशाला संगको समन्वयमा नियमितरुपमा बीउ उत्पादन तथा प्रमाणीकरण गर्ने गरिएको छ । कृषि उत्पादन बृद्धिको लागि उन्नत जानतको गुणस्तरयुक्त बीउको प्रयोग पूर्वसर्त भएको बताउँदै बीउबिजन प्रयोगशाला हेटौंडाका सूचना अधिकारी योन्जनले गुणस्तरयुक्त बीउ एक आधारभूत, संवेदनशील सामग्री भएकाले उत्पादकत्व तथा आर्थिकवृद्धिमा प्रभाव पार्ने बताइन् ।

नेपालमा २० देखि २५ प्रतिशत उत्पादन वृद्धि गुणस्तरयुक्त बीउको कारणले हुनेगरेको तथ्यांक छ । नेपालमा कूल बीउको माग करिब ४५ हजार मेट्रिकटन रहेको छ । करिव २२ प्रतिशत बीउ मात्रै औपचारिक क्षेत्रबाट आपूर्ति भैरहेको छ ।

थाहामा ८९ र हेटौंडामा ३४ प्रतिशत किसान परिवार

साझाकुरा संवाददाता

हेटौंडा, २ कार्तिक/थाहा नगरपालिकामा जम्मा घरपरिवार मध्ये ८९ प्रतिशत कृषक परिवार रहेको पाइएको छ । प्रत्येक १०/१० वर्षमा हुने राष्ट्रिय कृषि गणनाको पछिल्लो तथ्यांकले थाहा नगर पालिकाको ११ प्रतिशत परिवारमात्रै गैह्रकृषक रहेको देखाएको हो ।

राष्ट्रिय कृषि गणना-२०७८ को नतीजा अनुसार थाहा नगरपालिकामा ८८ दशमलव ५६ प्रतिशत कृषक परिवार रहेका छन् । थाहानगरको ९ हजार ७ सय ४९ घरपरिवारमध्ये ८ हजार ६ सय ३४ परिवार कृषि क्षेत्रमा संलग्न छन् । नेपालको राष्ट्रिय नतीजाको तुलनामा थाहा नगरपालिकामा कृषक परिवारको प्रतिशत २७ प्रतिशतले बढी छ । नेपालको राष्ट्रिय नतीजाको तुलनामा थाहा नगर पालिकामा कृषक परिवारको प्रतिशत २७ प्रतिशत बढी छ । कृषि गणनाले २०७८ अनुसार नेपालमा जम्मा घर परिवारमध्ये ६२ प्रतिशत मात्रै कृषक परिवार रहेको पाइएको छ ।

अघिल्लो कृषि गणनामा नेपालमा यस्ता कृषक परिवारको प्रतिशत ७१ रहेको थियो । मकवानपुरको १० स्थानीय तहको तुलना गर्दा थाहा नगरपालिका बढी प्रतिशत कृषक रहेको सातौं पालिका हो । थाहा भन्दा कम प्रतिशत कृषक परिवार हेटौंडा, मनहरी र भीमफेदीमा रहेका छन् । हेटौंडामा ३४ दशमलव ४३ प्रतिशत मात्र कृषक परिवार रहेका छन् । मनहरीमा ६५ दशमलव ४१ प्रतिशत र भीमफेदीमा ८६ दशमलव ८८ प्रतिशत परिवार कृषक छन् । अन्य ६ वटा गाउँपालिकामा ९० प्रतिशत भन्दा बढी कृषक परिवार रहेको देखिएको छ । सबैभन्दा बढी कैलाश गाउँपालिकामा ९८ दशमलव २६ प्रतिशत कृषक परिवार रहेको छ ।

मकवानपुरको १० स्थानीय तहको तुलना गर्दा थाहा नगरपालिका बढी प्रतिशत कृषक रहेको सातौं पालिका हो । कृषि गणना २०७८ अनुसार थाहा नगर पालिकामा जम्मा ८ हजार ६ सय ३४ कृषक परिवारले ७० हजार १ सय २१ रोपनी जग्गामा कृषिकार्य गरेको देखिएको छ । तर, १७ हजार ९८ रोपनी जग्गामा मात्र सिंचाइ पुगेको पाइएको छ ।

कृषि गणनाले थाहा नगरपालिकामा कृषक परिवार अन्तर्गत जम्मा कित्ता संख्याया २१ हजा १ सय ३५ र प्रतिकृषक परिवार कित्ता संख्या २ दशमलव ४ देखाएको छ । थाहानगरमा १ सय २७ कृषक परिवारले अरुको मात्र जग्गा कमाएको पाइएको छ ।

बकैयामा आज शोक विदा

साझाकुरा संवाददाता

हेटौंडा, २ कार्तिक/ मकवानपुरको बकैया गाउँपालिकाले आज शुक्रबार कार्तिक ३ गते शोक बिदा दिने निर्णय गरेको छ । गाउँपालिकामा कार्यरत सब-इन्जिनियरको दुर्घटनामा मृत्यु भएपछि पूर्वी मकवानपुरको बकैया गाउँपालिकाले ३ गते शोक बिदा दिने निर्णय गरेको हो ।

गाउँपालिकाको कार्यरत पूर्वाधार विकास शाखाका असिस्टेन्ट सब-इन्जिनियर सरोज महतोको सवारी दुर्घटनामा परी मृत्यु भएको थियो । दसैँ मनाउन अफिसबाट छुट्टी लिएर जनकपुरस्थित घर जाने क्रममा पूर्वपश्चिम राजमार्गअन्तर्गत चन्द्रनिगाहपुरमा बुधवार मोटर साइकल दुर्घटना हुँदा महतोको मृत्यु भएको हो ।

महतो पालिकामा एक महिना अगाडि मात्रै भरतपुर महानगरपालिकाबाट सरुवा भई आएका थिए । महतोको निधनमा बिहीबार पालिकाले एक सूचना जारी गर्दै शुक्रवारका लागि शोक बिदा दिएको जानकारी गराएको छ ।

जीएस निकेतनमा साँस्कृतिक कार्यक्रम

साझाकुरा संवाददाता

हेटौंडा, २ कार्तिक/ नेपालीहरुको महान पर्व बडादसैं, शुभदीपावली, नेपाल संवत तथा छठ पर्वको उपलक्ष्यमा ज्ञानदीप शिक्षा (जीएस) निकेतन माविले प्रतियोगितात्मक साँस्कृतिक कार्यक्रम आयोजना गरेको छ ।

विद्यालयका प्रधानाध्यापक ईश्वरप्रसाद लामिछानेको अध्यक्षता एवम् विद्यालयको संचालक संस्था ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडका अध्यक्ष ऋषिराम उपाध्याय पोखरेलको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको हो । गायन, नृत्य, देउसी-भैलो, नाटक तथा उद्घोषण प्रतियोगिताका रुपमा सम्पन्न गर्दै गरेको दुई दिवसीय कार्यक्रमको बुधबार पहिलो दिन नर्सरीदेखि कक्षा-५ सम्मका विद्यार्थीले सहभागिता जनाएका थिए ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष रमिला सापकोटा, ज्ञानदीप बहुउद्देश्यीय सहकारी संस्थाका कोषाध्यक्ष मोहनप्रसाद न्यौपाने, सदस्य जनकराज पन्त, शिक्षक-अभिभावक संघका अध्यक्ष प्रकाश बानियाँ, लेखासमिति संयोजक गौतम केसीलगायतको आतिथ्यता थियो । कार्यक्रममा बालबालिकाका लागि किताघर, हेटौंडाबाट पुस्तक बिक्री कक्षसमेत सञ्चालन गरिएको थियो ।

किताब घरद्वारा आयोजित किताब बिक्री कक्षमा समेत विद्यार्थी र अभिभावकको राम्रो भिडभाड रहेको र दोस्रो दिनको कार्यक्रममा समेत पुस्तक बिक्री यथावत रहने विद्यालयका सहायक प्रिन्सिपल दीपक गौतमले जानकारी दिए । यसै, दोस्रो दिनको कार्यक्रममा कक्षा-६ देखि १० सम्मका विद्यार्थीको गायन, सामूहिक लोकनृत्य, देउसीभैलो, नाटक तथा उद्घोषण प्रतियोगिता रहेकोसमेत गौतमले बताए ।

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

मिति २०८०/०७/०२

व्यवसाय दर्ता घुम्ती शिविर सन्चालन सम्बन्धी सूचना

हेटौंडा उपमहानगरपालिका क्षेत्रभित्र व्यापार वा पेशा व्यवसाय संचालन गरिरहनु भएकाहरुको लागि आ.व. २०८०/८१ को पौष मसान्तसम्म व्यवसाय दर्ता गर्न आएमा एक पटकको लागी विगत ३ वर्षको मात्र राजश्व लिई व्यवसाय दर्ता घुम्ती परिचालन छोली निम्न वडा ३, ४, ५, ६, ७, ८, ९, ११, १२, १३, १४, १५, १६, १७, १८ र १९ वडाहरुमा मिति २०९० कार्तिक १३ गते देखि पौष मसान्तसम्म तपशिल अनुसारको मितिहरुमा सन्चालन गरिने भएको हुंदा सम्बन्धित व्यवसायी, उद्यमी, सस्थागत विद्यालय, निजी कम्पनि, व्यापार व्यवसाय लगायतका बिभिन्न आयमूलक काममा संलग्न फार्महरुलाई व्यवसाय दर्ता गर्नु हुन जानकारी गराईन्छ । र बांकी वडाका व्यवसायीहरुले आफुलाई पायक पर्ने वडा तथा हे.उ.म.न.पा.को राजश्व शाखामा आई व्यवसाय दर्ता गर्न सकिने छ । साथै व्यवस्थाय दर्ता गर्न आउँदा तपशिलका कागजात लिइ आउनु हुन अनुरोध गरिन्छ ।

तपशिल:-

१. व्यवसाय दर्ता निवेदन पत्र ।
२. व्यवसाय अन्य निकायमा दर्ता भएको भए सोको प्रतिलिपी ।
३ आफ्नै छ र भएमा लालपुर्जाको फोटोकपी र चालु आ.व. सम्मको एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपी (एकाघरको हकमा मन्जुरीनामा) ।
४. बहालमा भएमा घर धनिको लालपुर्जाको फोटोकपी र चालु आ.व. सम्मको एकीकृत सम्पत्ति कर तिरेको रसिदको प्रतिलिपी साथै बहाल सम्झौता पत्रको प्रतिलिपी ।
५. व्यवसायीको नेपाली नागरिकताको फोटोकपी र दुई प्रति पासपोर्ट साइजको फोटो ।
६. कम्पनी/प्रा.लि. को हकमा प्रवन्धपत्र, नियमावली, प्रा.लि.दर्ता प्रमाण पत्रको प्रतिलिपी,अख्तियार नामा लिई दर्ता गर्न आउने व्यक्तिको नागरिकताको प्रतिलिपी, तथा कम्पनीको छाप अनिवार्य ।
७. सर्जिमिन गर्नुपर्ने प्रकृतिका व्यवसायलाई स्थलगत सर्जिमिन मुचुल्का तथा वडाको सिफारिस ।

पुनश्च :-
माथि उल्लेखित कागजात नभएमा निम्न कागजाश पेश गर्नु पर्नेछ ।
१. ऐलानी तथा पर्ती जग्गामा अस्थाई बसोबास गर्ने व्यक्तिहरुले जग्गा धनी प्रमाण पुर्जा (निस्सा कार्ड)
२. सम्बन्धित वडा कार्यालयको शिफारिस ।
३. बिगतका सुकुम्बासी समाधान आयोगमा दर्ताको लागि पेश गरेको निस्सा र खानेपानी तथा बिद्युत मिटर जडानको प्रमाँइ लिई आउनु हुन जानकारी गराईन्छ ।

तपशिलका वडा कार्यालयहरुमा व्यवसाय घुम्तीशिविर सन्चालन मरिने ५ ।

सि.नं.	वडा नं.	मिति
१	१९	२०८०/०७/१३ देखि २०८०/०७/१५
२	३	२०८०/०७/१६ देखि २०८०/०७/१९
३	११	२०८०/०७/२० देखि २०८०/०७/२२
४	१२	२०८०/०७/२३ देखि २०८०/०७/३०
५	१३	२०८०/०८/०४ देखि २०८०/०८/०६
६	१४	२०८०/०८/०७ देखि २०८०/०८/१०
७	१५	२०८०/०८/११ देखि २०८०/०८/१३
८	१८	२०८०/०८/१४ देखि २०८०/०८/१७
९	१७	२०८०/०८/१८ देखि २०८०/०८/२०
१०	१६	२०८०/०८/२१ देखि २०८०/०८/२४
११	६	२०८०/०९/२५ देखि २०८०/०८/२७
१२	७	२०८०/०८/२८ देखि २०८०/०९/०१
१३	८	२०८०/०९/०२ देखि २०८०/०९/०४
१४	९	२०८०/०९/०५ देखि २०८०/०९/०८
१५	४	२०८०/०९/११ देखि २०८०/०९/१३
१६	५	२०८०/०९/१६ देखि २०८०/०९/१८

हेटौंडा उपमहानगरपालिका
राजश्व प्रशासन शाखा

चाडबाडको समयमा खानपानमा ध्यान दिऔं ।

- मासु तथा मासुजन्य पदार्थको अत्यधिक उपभोग नगरौं,
- काँचो वा पकाएको मासु तथा मासुजन्य पदार्थ सुरक्षित राखेर मात्र उपभोग गरौं,
- सडेगलेको र गन्हाएको बासी खानेकुरा उपभोग नगरौं,
- स्वच्छ स्थानबाट स्वस्थ्य मासु तथा मासुजन्य पदार्थ खरिद गरौं,
- मासु तथा मासुजन्य पदार्थ धेरै खाँदा पचाउन गान्हो हुने भएकोले अन्य खानेकुरासँग सन्तुलन मिलाएर उपभोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

आदरणीय वडाबासीहरुमा जानकारीका लागि अनुरोध

नेपालको संविधान भाग ३ मौलिक हकको धारा ३९. अन्तर्गत बालबालिकाको हकको व्यवस्था भएपनि र शशाबीरा सरकार संचालन ऐन २०७४ र बालबालिका सम्बन्धी ऐन, २०७४ समेतलाई कार्यान्वयन गर्न नराउनका लागि तत्पर रहेको हुदा २० वर्ष नुभिका किशोर किशोरीहरुले विवाह गरे नराएमा दुवै पक्ष कानुन बमोजिम दण्डनीय हुने हुंदा अरुलाई समेत सचेत गराई कानुनको पालना गर्न नराउनको लागि हार्दिक अनुरोध गर्दछौं ।

साथै बालबालिकालाई विषयुक्त प्रकारको भ्रम जस्तै मोटर ज्यारेज, होटेल, मिट्टी, बालुवा, ढुङ्गाहरुको आदि । मा सहभाउन, १८ वर्ष नुभिका बालबालिकालाई सुर्ती पनि नुभमम सहभाउन, सुर्ति जन्य पदार्थको खरिद बिक्री गर्न कार्यमा बालबालिकालाई प्रयोग गर्न नुहुन र विद्यालयमा भर्ना गराई नियमित रुपमा पठनपाठन कार्यमा संलग्न गर्नु नराउनुहुन हार्दिक अनुरोध छ । माथि उल्लेखित कानुन विरुद्धका कार्यहरु भए वा गरे नराएमा कानुन बमोजिम हुने व्यहोरा पनि जानकारी गराईन्छ ।

नरनाथ सुवेदी (अध्यक्ष)
१९ नम्बर वडा कार्यालय,
हेटौंडा उपमहानगरपालिका

जनहितमा जारी सूचना



पेम्वा तामाङ (अध्यक्ष)
१३ नम्बर वडा कार्यालय,
हेटौंडा उपमहानगरपालिका

जनहितमा जारी सूचना



जुना दाहल (अध्यक्ष)
११ नम्बर वडा कार्यालय,
हेटौंडा उपमहानगरपालिका

जनहितमा जारी सूचना



विष्णु गोपाल महर्जन (अध्यक्ष)
२ नम्बर वडा कार्यालय,
हेटौंडा उपमहानगरपालिका

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना